# ग्रामथान गाउँपालिका
**Gramthan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**
पशुपक्षी शाखा

तेतरिया,मोरङ
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province, Nepal**


पत्र संख्या : २०८२/०८३
**Ref.No :2082/083**
चलानी नं. :

## सूचना

मितिः२०८३/०१/२२

विषयः बर्ड फ्लु सम्बन्धमा उच्च सतर्कता अपनाउने बारे ।

प्रस्तुत विषयमा पशु सेवा विभाग हरिहर भवन, ललितपुरको च.नं.६३ मिति २०८२/१२/०६ गतेको बर्ड फ्लु रोग नियन्त्रण गर्ने सम्बन्धी पत्र तथा जिल्ला प्रशासन कार्यालय, मोरङको च.नं. ७३९२ मिति २०८२/१२/०८ को प्राप्त पत्रानुसार मोरङ जिल्ला स्थित विभिन्न स्थानिय तहमा कुखुरामा बर्ड फ्लु रोग देखा परिसकेको तथा यस गाउँपलिका अन्तर्गत पनि फाट्टफुट्ट रुपमा यो रोग देखा पर्न थालेको एवंम अन्य स्थानमा समेत देखिन र सर्न सक्ने संभाव्य जोखिम भएकाले उच्च सतर्कता अपनाउन अनुरोध भई आएको यस सम्बन्धमा तपशिलका विषयमा ध्यान दिई सोही बमोजिम गरिदिनु हुन सम्बन्धित सरोकारवाला तथा आम सर्वसाधारण नागरिकहरुमा जानकारीका लागी अनुरोध छ।

तपशिलः

१. पन्छी फार्ममा अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन।
२. फार्म परिसर भित्र प्रवेश गराउनै पर्ने भएमा निःसंक्रमन गरेर मात्र फार्ममा प्रवेश गराउन हुन ।
३. एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजानु हुन।
४. प्रयोग भइसकेको अण्डा राख्ने कागजको क्रेट पुनः प्रयोग नगर्नु हुन।
५. फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गर्नु हुन र प्रत्येक पटक प्रयोग गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गर्नु हुन।
६. खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गर्नु हुन।
७. खोर भित्र र बाहिर दैनिक रुपमा निःसंक्रमन गर्नु हुन।
८. फार्म परिसर भित्र कुकुर, विरालो, मुसा लगायतका अन्य पशु पंन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन।
९. मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले खाडलमा गाडनु हुन।
१०.पन्छी फार्ममा काम गर्ने व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्नेनियमित हात खुट्टा धुने र , स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन।
११. पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवर्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्न/गराउनु हुन।

बोधार्थः

१. श्री वडा कार्यालय सबै, ग्रामथान गाउँपालिका
२. माथि उल्लेखित सूचना आ-आफ्नो वडा कार्यालयमा टाँस गरी वडा वासीहरुलाई जानकारी गराउनु हुन।

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकिय अधिकृत


वेबसाइटः https://gramthanmun.gov.np इमेल : nepalanchal2@gmail.com सम्पर्क नं. ९८५२८४०९५०